| रामारोशन गाउँकार्यपालिकाको मिति २०८३।०२।२८ को वैठकले गरेका निर्णयहरु | |
|---|---|
| **प्रस्ताव** | **निर्णयको संक्षिप्त व्यहोरा** |
| **शिक्षा समितिको वैठकको निर्णय अनुमोदन सम्बन्धमा।** | रामारोशन गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०८२।०२।२८ गतेको वैठकका सवै निर्णयहरु अनुमोदन गर्ने। साथै रामारोशन गाउँ कार्यपालिका र गाउँ सभाको वैठकले विद्यालय व्यवस्थापन समिति नियम सम्मत ढंगले अविभावक भेला वोलाइ गर्न गठन गर्न निर्देशन दिइएकोमा विद्यालयलाई यस विषयमा तथा गाउँ शिक्षा समितिको वैठकको निर्णय बमोजिम कार्यान्वयनका लागी विद्यालयलाई पुनः निर्देशन दिने। |
| **रामारोशन गाउँपालिका LACC परियोजना सिलवन्दी दरभाउ पत्र मुल्याङ्कन समिति गठन सम्बन्धमा।** | रामारोशन गाउँपालिका LACC परियोजना सिलवन्दी दरभाउ पत्र मुल्याङ्कन समिति प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठन गर्ने। |
| **विविध।** | **१. रामारोशन गाउँपालिका वडा नं ४ स्थित श्री नन्दकाली आधारभुत विद्यालयको छाना उडाइ (हुरि वतासले) पठन पाठन अवरुद्ध भएकोले उक्त विद्यालय मर्मत गर्न विव्यसलाई अनुमती दिने र उक्त रकम गाउँपालिकाले स्रोत सुनिश्चित गरि भुक्तानी दिने।**<br>**२. रामारोशन गाउँपालिकामा अघिल्लो वर्ष रामारोशन पर्यटन, कृषि, व्यापार तथा सांस्कृतिक महोस्तसव २०८२ सञ्चालनमा साझेदारी गर्दा रु १ लाख भुक्तानी दिन बाकी रहेकोले उक्त रकम कार्यक्रम खर्च शिर्षकवाट भुक्तानी दिने।**<br>**३. रामारोशन गाउँपालिका वडा नं १ स्थित श्री मष्टामाण्डौ आधारभुत विद्यालयको भवन निर्माणको लागी फील्ड कटिङ्ग गर्दा यस कार्यालयको स्काभेटर मेसिन पठाइएको र इन्धन समेत प्रयोग गरेकोले उक्त कार्य गरे वापतको २५९ लिटर डिजेलको भुक्तानी दिने।**<br>**४. रामारोशन गाउँपालिका वडा नं ६ स्थित पातवान्ने खानेपानी आयोजनाको मुहान मर्मत गर्ने।**<br>**५. रामारोशन गाउँपालिका वडा नं ३ स्थित कृषि भवनको मर्मतको कार्य अगाडी बढाउने।**<br>**६. रामारोशन गाउँपालिका वडा नं २ स्थित श्री वालकल्याण आधारभुत विद्यालय जाने सडक मर्मत गर्ने।**<br>**७. रामारोशन गाउँपालिका वडा नं १ मा घाँसे संक्रान्तीको अवसरमा आयोजित भलिवल खेलकुद प्रतियोगिताको रकम भुक्तानी दिने।**<br>**८. रामारोशन गाउँपालिका वडा नं ३ को ढोडखोला गुदगुदे खानेपानी आयोजना LACC अन्तरगत मर्मत गर्ने।**<br>**९. जाम्पाटा कुसेडी सडक मर्मतको लागी इन्धन व्यवस्थापन गर्ने।** |